STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ८ गते शनिबार ❑ 22 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सरकारका कामले जनतामा आशा र भरोसा बढाएको छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ७ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकारले छोटो अवधिमा गरेका कार्य र हासिल भएका उपलब्धिले मुलुकमा राजनीतिक स्थायित्वसँगै विकास, सुशासन र समृद्धि हासिल गर्ने बलियो आधार खडा गरेको बताउनुभएको छ।

उहाँले सरकारले कार्यभार सम्हालेको छ महिनाको अवधिमा भएका कार्य र हासिल भएका उपलब्धिले सरकार सही दिशामा अघि बढिरहेको स्पष्ट भएको र जनतामा आशा र भरोसा बढेको उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री देउवाले आज अपराह्न राष्ट्रका नाममा सम्बोधन गर्दै भन्नुभयो, 'हामीलाई यसमै सन्तोष गर्ने अवस्था छैन। एक्काइसौँ शताब्दीको द्रुतगतिमा अघि बढिरहेको प्रतिस्पर्धी युगमा विकास र समृद्धिको यात्रालाई हामीले थप गतिका साथ चाँडै पूरा गर्नुपर्ने खाँचो छ।'

यस अवधिमा सरकारलाई प्राप्त भएको राष्ट्रिय तथा अन्तरराष्ट्रिय समर्थन, सहयोग र सहायताका लागि सबै राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत एवम् सर्वसाधारण सबै एवं सम्बन्धित मित्रराष्ट्रहरू, दातृ निकाय तथा विकास साझेदार संस्थाप्रति उहाँले आभार व्यक्त गर्नुभयो। गत असार २९ गते उहाँको नेतृत्वमा पाँच राजनीतिक दलको समर्थन र सहभागितामा वर्तमान सरकार गठन भएको छ महिना पूरा भएको छ। संयुक्त सरकारको साझा



न्यूनतम कार्यक्रमका आधारमा सरकारले कार्य सञ्चालन गर्दै आएको छ।

**संक्रमण रोकथामा सहयोग गर्न अपिल**

विश्व कोभिड-१९ महामारीको प्रथम, दोस्रो र तेस्रो लहरबाट आक्रान्त भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले हामी पनि सङ्क्रमणको उच्च जोखिममा रहेकाले आर्थिक तथा सामाजिक क्षेत्रमा गम्भीर प्रभाव पर्न गएको बताउनुभएको छ। 'संकुचित रहेका आर्थिक तथा सामाजिक क्रियाकलाप मेरो नेतृत्वको सरकारले कार्यभार सम्हालेपछि सूचारु भएका थिए', उहाँले भन्नुभयो, 'तर, केही दिनदेखि कोभिड-१९ को नयाँ स्वरुपको संक्रमणको उच्च जोखिमले नागरिकको जीवन रक्षामाथि पुनः चुनौती थपेको छ। हामी सबै मिलेर आर्थिक तथा सामाजिक क्रियाकलापमा कम असर पर्ने गरी यस रोगको नियन्त्रण गर्नु छ।' कोभिड-१९ को संक्रमण फैलिरहेकाले सबै देशवासीमा संयम् र धैर्यताका साथ जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्दै सुरक्षित जीवनयापनको लागि अनुरोध गर्दै प्रधानमन्त्री देउवाले कोभिड-१९ को कारण मृत्यु हुनु भएकाप्रति श्रद्धाञ्जलि र परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ।

होम आइसोलेशनमा बस्नु भएका र अस्पतालमा उपचार गरिरहनु भएका बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँले यो शताब्दीकै डरलाग्दो माहामारी विरुद्धको लडाईँमा दुई वर्षदेखि निरन्तर खटिनु भएका चिकित्सक, नर्स, प्यारामेडिक्स, सुरक्षाकर्मि, सफाईकर्मी, एम्वुलेन्स चालक र अन्य सबै अग्रपङ्क्तिमा काम गर्नेहरूप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ।

सबै राजनैतिक दल र समुदाय तथा सबै नेपाली दिदीबहिनी तथा दाजुभाइमा सरकारले जारी गरेका स्वास्थ्य सुरक्षाका मापदण्डको इमान्दारीपूर्वक पालना गरी यस रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारमा सरकारलाई सहयोग गर्न उहाँले अपिल गर्नुभएको छ।

**'तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व छ'**

संविधानको कार्यान्वयन, कानुनी राज्य र सुशासनको प्रत्याभूति, शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षसँग भएका सहमतिको कार्यान्वयन गर्ने, राजनीतिक दलको सहमतिमा नागरिकताको समस्याको समाधान गर्ने, सङ्घीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारलाई सबलीकरण गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको उहाँको भनाइ छ।

प्रधानमन्त्री देउवाले संसद्मा रहेका सबै राजनैतिक दलसँग संवाद र सहमतिका माध्यमबाट संसद्को गतिरोध अन्त्य गरी विचाराधीन विषयलाई निष्कर्षमा पुऱ्याइने उल्लेख गर्नुभयो। एक वर्षभित्रै तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व सरकारमाथि रहेको उल्लेख गर्दै उहाँले निर्वाचनका पूर्वतयारीका काम सम्पन्न गर्न सम्बन्धित सबैसँग अनुरोध गर्नुभएको छ।

'मैले सरकारको नेतृत्व गरेपछि आर्थिक-सामाजिकरूपान्तरणको आधार निर्माणका लागि उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिने, उत्पादनमुखी अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने, स्वदेशी कच्चापदार्थ र श्रम उपयोग हुने

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## २३ हजार परीक्षण गर्दा १० हजारभन्दा बढी संक्रमित

**रासस**
**काठमाडौं, ७ माघ**

पछिल्लो २४ घण्टामा १० हजार ७०३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २३ हजार ९२ परीक्षण गर्दा १० हजार ७०३ मा संक्रमण पुष्टि भएको हो।

सक्रिय संक्रमितको संख्या ६५ हजार ३७४ पुगेको छ। पछिल्लो समय थप ७६६ संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या आठ लाख १९ हजार ५७५ पुगेको छ। संक्रमणमुक्त हुने दर ९१.४ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। विगत २४ घण्टामा तीन जनाको संक्रमणको कारणले मृत्यु भएको छ। अहिलेसम्म ११ हजार ६३५ को संक्रमणका कारणले मृत्यु भएको छ।

पाँच सय र २०० भन्दाबढी संक्रमण भएको जिल्ला १५/१५ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलाली रहेका छन्। यस्तै २०० भन्दाबढी संक्रमित भएका जिल्लामा पर्सा, बारा, महोत्तरी, सत्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, गोरखा, तनहु, स्याङ्जा, वागलुङ, दाङ, सुर्खेत र कन्चनपुर रहेका छन्। नेपालमा संक्रमण दर १७.६ प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा ६३ हजार ७३४, संस्थागत आइसोलेशनमा एक हजार ६४०, आइसियुमा १९४ र भेन्टिलेटरमा ३५को उपचार हुँदैछ।

**तीन लाख बढीले खोप लगाए**

विगत २४ घण्टामा तीन लाख सात हजार ४०१ ले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा एक करोड ६२ लाख ३७९ र पूर्णमात्रा एक करोड २७ लाख ४६ हजार ५८० जनाले लगाइसकेका छन्।

यस्तै कोरोना भाइरस विरुद्धको बुस्टर डोज ५० हजारभन्दा बढीले लगाएका छन्। मन्त्रालयका अनुसार यही माघ २ गतेदेखि अग्रपङ्क्तिमा काम गर्नेलाई अहिलेसम्म ५० हजार २०७ मात्रा बुष्टर डोज खोप लगाइएको छ।

## सत्तारूढ गठबन्धनले संविधानविद् र कानूनविद्सँग छलफल गर्ने

**रासस**
**काठमाडौं, ७ माघ**

सत्तारूढ गठबन्धनले स्थानीय तहको निर्वाचनका सम्बन्धमा संविधानविद् र कानूनविद्सँग छलफल गर्नेभएको छ।

शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको सत्तारूढ गठबन्धन दलको बैठकले स्थानीय तहको निर्वाचनका सम्बन्धमा संविधान र स्थानीय तह निर्वाचन ऐनमा भएको व्यवस्था बाझिएकाले संविधानविद् र कानूनविदसँग छलफल गर्ने निर्णय गरेको बैठकमा सहभागी राष्ट्रिय जनमोर्चा नेपालका उपाध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो।

"स्थानीय तह निर्वाचनका सम्बन्धमा संविधान र स्थानीय तह निर्वाचन ऐन बाझिएको रहेछ", उहाँले भन्नुभयो, "बाझिएको व्यवस्थाबारे छलफल गर्नका लागि संविधानविद् र कानूनविदसँग परामर्श गर्दछौँ।" उहाँले एक/दुई दिनभित्र संविधानविद् र कानुनविद्सँगको परामर्शमा स्थानीय तहको निर्वाचनको सम्बन्धमा बाझिएको व्यवस्थालाई समाधान गर्ने बताउनुभयो।

बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी) अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादवलगायतको सहभागिता थियो।

## भिजिट भिसामा खाडी र मलेसिया जान रोक

**रासस**
**काठमाडौं, ७ माघ**

सरकारले भिजिट भिसामा खाडीका राष्ट्र र मलेसिया जान रोक लगाएको छ।

विभिन्न उद्देश्यले भिजिट भिसामा खाडी र मलेसिया पुगेका नेपाली बिचल्लीमा पर्ने गरेको भन्दै गृह मन्त्रालयले त्यस्ता मुलुकमा भिजिट भिसामा जान रोक लगाएको हो।

यही माघ १० गतेदेखि ती मुलुकमा भिजिट भिसामा भ्रमणमा जान रोक लगाइएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिनुभयो।

नेपाली युवायुवती भिजिट भिसामा खाडीका मुलुक र मलेसियामा पुगी विभिन्न गतिविधिमा संलग्न हुने गरेका छन्।

## महामारीमा सञ्चालित निजी विद्यालयलाई कारबाहीको चेतावनी

**रासस**
**काठमाडौं, ७ माघ**

काठमाडौँ महानगरपालिकाकाले महामारी तीव्ररूपमा बढिरहेका बेला केही निजी विद्यालय सञ्चालन भइरहेको भन्दै कारबाही गर्ने चेतावनी दिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयविपरीत महानगरपालिकाका केही निजी विद्यालय सञ्चालन भइरहेका छन्।

कोरोना भाइरसको तेस्रो लहर तीव्ररूपमा बढिरहेको भन्दै सरकारले गत पुस २७ गतेदेखि सबै विद्यालय भौतिक उपस्तिथिमा सञ्चालन नगरी वैकल्पिक माध्यमबाट सञ्चालन गर्न निर्देशन दिएको थियो। सरकारले दिएको निर्देशनको बेवास्ता गरी महानगरपालिकाका वडा नं १५ र १८ का केही निजी विद्यालय सञ्चालन भइरहेका बताइएको छ। कामपा-१५ मा सञ्चालित फ्युचरस्टार बोर्डिङ स्कुलले बिहान र दिउँसो दुई समूहमा पठनपाठन गरिरहेको छ। त्यस्तै कामपाकै घना बस्ती रहेका अन्य केही वडामा पनि विद्यालय सञ्चालन भइरहेका जनाइएको छ। यस सन्दर्भमा महानगरपालिकाका शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले सरकारले जारी गरेको निर्देशनविपरीत सञ्चालन भएका विद्यालय तत्काल बन्द नगरे कारबाही गर्ने चेतावनी दिनुभएको छ। सुवेदीले भन्नुभयो, "महामारी नियन्त्रणका लागि सबैले साथ र सहयोग गर्नुपर्ने समयमा निर्देशनविपरीत शुल्क लिने बहानामा विद्यालय सञ्चालन गर्नु दण्डनीय छ।"

अहिले पनि सबै विद्यार्थीमा खोपको पहुँच पुगेको छैन। बाह्र वर्ष उमेर पुगेका विद्यार्थीले खोप लगाए पनि अझै धेरैले खोप लगाउन बाँकी छ। "महामारी बढिरहेको समयमा विद्यालय खोल्नु घातक छ, यो तत्काल रोक्नुपर्छ, अन्यथा कडा कारबाही हुन्छ", सुवेदीले भन्नुभयो, "सरकारले भौतिकरूपमा मात्रै विद्यालय सञ्चालन नगर्न भनेको हो, यसअघि झै अनलाइनका माध्यमबाट विद्यालय सञ्चालन गर्न सकिन्छ। अहिले काठमाडौँ उपत्यका महामारीको केन्द्र बनेको छ। यहाँ दैनिक सात हजार सङ्क्रमित देखिन थालेका छन्। महामारी नियन्त्रण गर्न भन्दै लोकसेवा आयोग र त्रिभुवन विश्वविद्यालयले सञ्चालन गर्ने परीक्षासमेत स्थगन गरिसकेको अवस्था छ भने यातायातका साधनमा पनि जोर-बिजोर प्रणली लागू गरिसकिएको छ। पछिल्ला केही दिनयता देशभर दैनिक १२ हजार बढी कारोना सङ्क्रमित थपिइरहेका छन्।

## कांग्रेसका १६ जिल्लाको अधिवेशन स्थगित

**रासस**
**काठमाडौं, ७ माघ**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत जिल्ला कार्यसमितिको निर्वाचन हुन बाँकी रहेका १६ जिल्लाको जिल्ला कार्यसमितिको अधिवेशन कोभिड-१९ का कारण स्थगित गरिएको छ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिले आज विज्ञप्तिमार्फत जिल्ला अधिवेशन हुन बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, चितवन, नवलपुर, बाँके, कैलाली, र अछामको अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि हाललाई स्थगन गरिएको जनाएको छ। यही माघ १५ गते गर्ने भनिएका उक्त जिल्लाको जिल्ला अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि स्वास्थ्य सुरक्षाको जोखिमलाई ध्यानमा राखी हाललाई स्थगित गरिएको समिति सचिव केशव रिजालले जानकारी दिनुभयो। सङ्क्रमण जोखिम न्यूनीकरण भएर आम जनजीवन सामान्य बन्दै गएपछि उक्त जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचन तत्काल गरिने उहाँले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ प.क्षे.हु.द.नं. ३/०६३/०६४




फुटबलः पोखरामा बिहीबारदेखि सुरु भएको मोफसलको प्रतिष्ठित राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित 'आहा ! रारा गोल्ड कप' फुटबल प्रतियोगितामा शुक्रबार पोखराको रंगशालामा हिमालयन शेर्पा क्लब र नेपाल पुलिस क्लबका खेलाडी भिड्दै । सहारा क्लब पोखराद्वारा आयोजित २०औँ संस्करणको प्रतियोगिता आगामी माघ १५ गतेसम्म सञ्चालन हुने छ। तस्वीर : राधिका कँडेल

# अझै केही दिन मौसम बदली रहने

**रासस**
**काठमाडौं, ७ माघ**

नेपालमा फेरी अर्को न्यून चापीय प्रणालीको प्रभाव पर्ने भएको छ । उक्त मौसमी प्रणालीको कारण अझै केही दिन मौसम बदली रहने जल तथा मौसम विज्ञान विभागल जनाएको छ।

विभागले शुक्रबार एक बुलेटिन निकालेर नेपालमा रहेको पश्चिमी न्यून चापीय प्रणाली कमजोर अवस्थामा रहेको र शनिबार बिहानदेखि पश्चिम नेपालबाट प्रवेश गर्न लागेको अर्को पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले पश्चिमबाट शनिबार, आइतबार र सोमबार क्रमश नेपालभर प्रभाव पार्ने सम्भावना रहेको औँल्याएको छ। उक्त प्रणालीको प्रभावले देशको सुदूरपश्चिम, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा बाँकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रहने बताइएको छ।

हाल देशभर आंशिकदेखि सामान्य बदली भई बागमती तथा प्रदेश नं १ का थोरै स्थानमा हल्का वर्षा/हिमपात भइरहेको छ।

शनिबार देशका पहाडी भूभागमा सामान्यदेखि पूर्ण बदली रही तराईका भूभागमा आंशिकदेखि सामान्यतया बदली भई देशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहनुका साथै सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव चार डिग्री र अधिकतम तापक्रम १३ दशमलव चार डिग्री सेल्सियस रहेको छ। शुक्रबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम एक दशमलव शन्य डिग्री र सबैभन्दा धेरै विराटनगरको अधिकतम तापक्रम १८ दशमलव ६ डिग्री सेल्सियस रहेको छ।

# पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा नेविसंघको प्रदर्शन

**रासस**
**काठमाडौं, ७ माघ**

नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) ले पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि खारेज गर्न माग गर्दै विरोध प्रदर्शन गरेको छ। नेविसङ्घले आज काठमाडौंको कोटेश्वर, मीनभवन, माइतीघर मण्डलालगायतका क्षेत्रमा पेट्रोलियम पदार्थसहितका दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धिको खारेज गर्न माग गर्दै प्रदर्शन गरेको हो।

मूल्य वृद्धिसँगै विद्यार्थी मारमा परेको भन्दै मूल्य वृद्धिको विरोधमा नेविसङ्घले हस्ताक्षरसमेत सङ्कलन गरेको छ। कोरोना सङ्कटमा सरकारले दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि गरेर विद्यार्थीलाई मारमा पारेको भन्दै सरकारलाई बुझाउनका लागि हस्ताक्षर सङ्कलन गरेको नेविसङ्घ प्राविधिक विद्यार्थी परिषद्का अध्यक्ष आदर्श मल्लले बताउनुभयो । विद्यार्थीले मूल्यवृद्धि खारेज गर्ने नेविसङ्घको अभियानमा साथ दिन आह्वान गर्दै 'मूल्य वृद्धि खारेज गर' लेखिएको मास्कसमेत सर्वसाधारणलाई वितरण गरेका थिए। नेपाल आयल निगमले गत बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर तीन रुपैयाँ, डिजेल तथा मट्टितेलमा पनि तीन रुपैयाँ मूल्य बढाएको छ । यसले अन्य दैनिक उपभोग्य वस्तुहरुको मूल्यवृद्धि भएको भन्दै त्यसको विरोधमा विद्यार्थीहरु प्रदर्शनमा उत्रिएका हुन्।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# सरकारका...

निकासीजन्य वस्तुको उत्पादन वृद्धि गरी निकासी बढाउने, आपूर्ति व्यवस्थामा सुधार गर्ने, महङ्गी नियन्त्रण गर्ने तथा भ्रष्टाचारजन्य कार्यको छानबिन, अनुसन्धान र तहकिकातका लागि अग्रसरता लिने कार्य भएका छन्छ, उहाँले भन्नुभयो।

यस अवधिमा विगत दुई वर्षदेखि कोभिड-१९ का कारण संकटग्रस्त उद्योग र सेवा व्यवसायको उत्थान गर्न र श्रमजीवी, विपन्न, बेरोजगार आदिको राहतका लागि विशेष आर्थिक प्याकेज ल्याइएको बताउँदै उहाँले बाढी, पहिरो, आगलागी तथा बेमौसमी वर्षाका कारण विपदमा परेका जनतालाई उद्धारगरी राहत उपलब्ध गराउने, सुरक्षित बसोबास र पुनःस्थापना गराउने तथा नष्ट भएको धान बालीको क्षतिपूर्तिका लागि आवश्यक सहयोग प्रदान गर्ने कार्यक्रम अघि बढाइएको जानकारी गराउनुभयो। सरकारले रूपान्तरणकारी र विकासका कार्यक्रमको कार्यान्वयनलाई गति दिएको छ।

**कोभिड-१९लाई नियन्त्रण गर्न खोप नै प्रभावकारी उपाय**

प्रधानमन्त्री देउवाले भन्नुभयो, 'कोभिड-१९लाई नियन्त्रण गर्न खोप नै प्रभावकारी उपाय भएकोले मैले प्रधानमन्त्रीको कार्यभार सम्हाल्दा आगामी चैत्र मसान्तसम्ममा खोप लगाउन योग्य सबै नेपाली नागरिकलाई निःशुल्क खोपको पूर्णमात्रा दिने प्रतिबद्धता व्यक्त गरेको थिएँ । यस अनुरुप खोप अभियान जारी छ ।' तीव्ररुपमा फैलिरहेको कोभिड-१९ संक्रमणको तेस्रो लहरको रोकथाम, नियन्त्रण र उपचारका लागि तीनै तहका सरकारका बीचमा समन्वय र सहकार्य बढाइएको छ। स्वास्थ्य प्रणालीमा कुनै पनि साधन स्रोत र जनशक्तिको अभाव हुन नदिने व्यवस्था मिलाई उपचार व्यवस्थालाई चुस्त, दुरुस्त बनाइएको उहाँले बताउनुभयो।

कोभिड संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारको व्यवस्था गर्दा अर्थतन्त्र र सामाजिक क्रियाकलापमा सकेसम्म कम असर पर्ने गरी आवश्यक प्रबन्ध मिलाइने बताउँदै प्रधानमन्त्री देउवाले जनस्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै आधारभूत स्वास्थ्य सेवा जस्तै-मातृशिशु स्वास्थ्य, पोषण र खोपलगायत नियमित कार्यक्रम सूचारु गरिने अवगत गराउनुभयो।

किसानलाई मल र बीउ तथा विद्यालयका छात्रछात्रालाई पाठ्यपुस्तक समयमै उपलब्ध गराउन र राज्यले निःशुल्करूपमा उपलब्ध गराउने भनी घोषणा गरिएका औषधि गुणस्तरीयरूपमा समयमै सहज तरिकाले वितरण गर्ने प्रबन्ध मिलाइएको उहाँले उल्लेख गर्नुभयो । साथै, अत्यावश्यक वस्तु तथा सेवाको निर्बाध आपूर्ति हुने व्यवस्था सुनिश्चित गरिएको छ।

भूकम्पपछिको पुनःनिर्माणको बाँकी रहेका सबै काम समयमै सम्पन्न गर्ने व्यवस्था मिलाइएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले विपद् प्रभावित जनताको आवासको पुनःनिर्माण तथा राहतका कामलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो। उहाँले तराई मधेसमा देखिने शीतलहर र उच्च हिमाली क्षेत्रमा हुने हिमपातको कारणबाट कसैको पनि अकाल मृत्यु हुन नपाउने व्यवस्थाका लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा आवश्यक व्यवस्था मिलाएको जनाउनुभयो । 'मुलुकको विकासमा निजी क्षेत्रको अहम् भूमिका छ । नीजि क्षेत्रलाई प्रोत्साहित गर्दै उद्यम व्यवसाय गर्ने वातावरणलाई थप सहज बनाइने छ।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै तह र संरचनालाई थप सक्षम बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ', उहाँको सम्बोधनमा उल्लेख छ। आर्थिक उदारीकरण र निजीकरणबाट प्रारम्भ भएको पहिलो चरणको आर्थिक तथा शासकीय सुधारमार्फत नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रकृया अगाडि बढेको बताउँदै प्रधानमन्त्री देउवाले भन्नुभयो, 'छोटो समयमा दिगो विकासका लक्ष्य हासिल गर्दै विकसित राष्ट्रको स्तरमा पुग्ने हाम्रो लक्ष्य हो । यो लक्ष्य प्राप्तिको मार्गमा देखापर्ने समस्या र चुनौतीको समाधान गर्न र प्राप्त अवसरको उपयोग गर्न दोस्रो चरणको आर्थिक तथा शासकीय सुधार गरिनेछ। सुधारको योजना बनाउँदा संविधानको कार्यान्वयन, आर्थिक समृद्धि, विकास र सुशासनलाई केन्द्रबिन्दुमा राखिनेछ।'

# सबै सवारी साधनमा लागू हुँदैन जोरबिजोर

**रासस**
**काठमाडौं, ७ माघ**

काठमाडौँ उपत्यकामा अत्यावश्यक कामका लागि सञ्चालन हुने र तोकिएका सवारी साधनमा जोरबिजोर प्रणाली लागू नहुने काठमाडौँ जिल्ला प्रशासन कार्यालयले स्पष्ट पारेको छ।

शुक्रबार राति १२ बजेदेखि जोरबिजोर नम्बर प्लेटको आधारमा सवारी सञ्चालन गर्ने स्थानीय प्रशासनको निर्णयमा केही अन्यौल देखिएपछि आज पुनः विज्ञप्ति जारी गरी थप स्पष्ट पारिएको हो । प्राप्त सूचनाअनुसार औषधि एवं स्वास्थ्य सामग्री बोकेका सवारी साधन, एम्बुलेन्स, दमकल, शवबाहन, ग्यास र पेट्रोलियम पदार्थ बोकेका सवारी साधनमा पनि जोरबिजोर प्रणाली लागूहुने छैन।

यस्तै खाद्यान्न, दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, पानी, अण्डा, माछामासु, पशुपन्छी, दाना, एवं कृषि तथा पशुजन्य सामग्री बोक्ने सवारी साधान पनि निर्वाधरुपमा सञ्चालन गर्न पाइने छ । यसैगरी निर्माण सामग्री बोक्ने सवारी साधन (चालक र सहचालक मात्र) सञ्चालन गर्न पाइने छ । परिचयपत्रको आधारमा बैंक, बीमा, वित्तीय संस्था, वायुसेवा, कम्पनी, डाँक तथा कुरियर सेवा, दूरसञ्चार, सेवा प्रदायक निकायका कर्मचारीले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने विज्ञप्तिमा उल्लेख छ।

सूचना तथा प्रसारण विभागबाट जारी प्रेस पास तथा पत्रकार परिचयपत्र रहेका सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधान, सरकारी र कुटनीतिक नियोगका सवारी साधन सञ्चालन गर्न पाइने निमित्त प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले जानकारी दिनुभयो। यसका अलावा जोर दिनमा जोर नम्बर प्लेट भएका र बिजोर दिनमा बिजोर नम्बर प्लेट भएका सार्वजनिक तथा निजी सवारी सवारी साधान सञ्चालन गर्न पाइने जनाइएको छ। उक्त आदेश शुक्रबार राति १२ बजेदेखि लागू हुँदैछ।


## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित फर्निचरको लागि मिस्त्रि आवश्यक परेको हुँदा इन्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

तलबः समझदारीमा
अन्य सुविधा आपसी समझदारीमा हुनेछ ।

सम्पर्कः
**सरिता अर्जुन फर्निचर**
पोखरा-११, काहुँडाँडा
फोनः ९८१५१४२२०४, ९८४६९८२६५६

## बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

**परीक्षण गरिने रोगहरुः**

**बाथ रोगः** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिसः** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्नेः** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सर्म्पकः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिनेः**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिनेः**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शुक्लागण्डकीमा अत्यावश्यकबाहेकका सेवा बन्द

**पोखरापत्र संवाददाता**
**दमौली, ७ माघ**

कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि तनहुँको शुक्लागण्डकी नगरपालिकाले अत्यावश्यकबाहेकका सेवा बन्द गर्ने निर्णय गरेको छ। नगरपालिकास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बिहीबार बसेको बैठकको निर्णयअनुसार नगरपालिकाबाट हुने अत्यावश्यकबाहेकका सेवा अर्को निर्णय नभएसम्मका लागि बन्द गरिएको छ। कार्यालयमा कार्यरत १६ विभिन्न तहका कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएकाले कार्यालयको सेवा बन्द गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत लीलाबल्लभ न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार नगरपालिकामा तत्काल उपलब्ध कर्मचारीबाट आलोपालो प्रणालीमार्फतअत्यावश्यकसेवाप्रदान गरिनेछ। नगरपालिकाअन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र र इकाइमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सेवा प्रवाह सञ्चालन रहने उहाँले बताउनुभयो।

जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको निर्णयअनुसार माघ ७ गतेदेखि सरकारी कार्यालयबाट प्राप्त हुने सेवा लिन जाँदा अनिवार्यरुपमा खोप कार्ड देखाउने व्यवस्था भएबमोजिम नगरपालिका र अन्तर्गतका वडा कार्यालय, सेवा केन्द्र र सेवा इकाइबाट सेवा लिन आउँदा अनिवार्य खोप कार्ड साथमै लिइ आउन नगरपालिकाले अनुरोध गरेको छ। शुक्लागण्डकी नगरपालिकाभित्र खोप नलगाएका व्यक्तिको खोज तथा पहिचान एवं खोप व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालय, टोल विकास संस्था महिला स्वयंसेविकासँग समन्वय गरी लगत तयार गर्न स्वास्थ्य शाखालाई निर्देशन दिइएको छ। नगरपालिकाले एन्टिजेन परीक्षणको नतिजा नेगेटिभ आएका व्यक्तिको पीसीआर परीक्षण प्रत्येक हप्ताको सोमबार खैरेनीटार स्वास्थ्यचौकीबाट सञ्चालन गर्ने र कोभिड-१९ को लक्षण भएका व्यक्तिको निःशुल्क एन्टिजेन परीक्षण प्रत्येक दिन खैरेनीटार स्वास्थ्यचौकीबाट सञ्चालन गर्ने निर्णय गरेको छ। कोभिडबाट सङ्क्रमितलाई स्वास्थ्यमा जटिलता देखिएमा थप उपचारको व्यवस्थापनका लागि जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र तथा प्रादेशिक कोभिड अस्पतालसँग समन्वय तथा सहकार्य गर्ने, होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा निजको स्वास्थ्यको अवस्थाका सम्बन्धमा रिपोर्टिङ तथा अनुगमन गर्न नगरपालिकाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी सम्मिलित द्रुत प्रतिकार्य समूह गठन गरिएको छ।

यसैगरी नगरपालिकाले वडा नं ४ मा रहेको खैरेनीटार स्वास्थ्यचौकीको दोस्रो तल्लामा पाँच शय्याको अस्थायी कोभिड अस्पताल सञ्चालन गर्ने निर्णय गरेको छ।

# मापदण्ड र सम्झौताविपरीत नदी दोहन

**रासस**
**म्याग्दी, ७ माघ**

बेनी नगरपालिका-५ बगुवाखोलास्थित म्याग्दी नदीको बगरमा मापदण्ड र सम्झौताविपरीत दोहन गरिएको छ। सरकारको नदीजन्य वस्तु उत्खननसम्बन्धी नियम, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र नगरपालिकासँग भएको सम्झौताविपरीत स्काभेटर प्रयोग गरेर तोकिएभन्दा गहिरो खाडल बनाएर उत्खनन गरिएका हो।

स्काभेटर प्रयोग गरी नदीको धार परिवर्तन गराई ढुङ्गा, गिट्टी र बालुवाको उत्खनन गर्दा तटीय क्षेत्रमा बाढी तथा कटानको जोखिम बढ्नुका साथै जलचरको बासस्थान र वातावरणमा असर पुगेको छ। नगरपालिकाले सम्झौताको शर्तविपरीत उत्खनन भएको विषयमा जिल्ला अनुगमन समितिलाई जानकारीसहित कारबाहीका लागि अनुरोध गर्दै गत पुस २७ गते पत्राचार गरिएको थियो।

"उपकरणको प्रयोग गर्न नपाउने ठेक्का सम्झौताको शर्त उल्लङ्घन भएको छ", नगरप्रमुख हरिकुमार श्रेष्ठले भन्नुभयो, "एउटा बगर उत्खनन भइसकेको छ, अनुगमन समितिबाट के भयो ? बेखबर छौँ।" नदीजन्य वस्तुको उत्खननमा स्काभेटरलगायत ठूला उपकरण प्रयोग गर्न नपाउने कानुन छ। सतहदेखि ९२.९७ सेन्टिमिटर गहिराइसम्म उत्खनन गर्न पाउने सम्झौता गरे पनि दुईदेखि तीन मिटर गहिरो हुने गरी खाडल बनाएर नदीजन्य वस्तु निकालिएको छ। अवैध उत्खनन जफत गर्ने कार्यमा सहयोग पुर्‍याएवापत कूल आम्दानीको १५ प्रतिशत प्रोत्साहन उपलब्ध गराउने निर्णयसहित नगरपालिकाले जिल्ला प्रशासन र प्रहरी कार्यालयलाई जानकारी गराएर समन्वय समितिलाई पत्र पठाएको थियो। पत्राचार गरेको १० दिन बितिसक्दा पनि जिल्ला सदरमुकाम बेनीबाट करिब चार किलोमिटर नजिक बेनी-दरबाङ सडकको छेउमै रहेको बगरको अनुगमन भएको छैन।

बगुवाखोला, अग्निखेत, डम्मरा, जोगिगाडे, चुत्रेनी, बगुवाखोला, सर्जेनी, दधेखोला र घुमाउनेसहित म्याग्दी नदीको नौवटा बगरबाट १७ हजार ७६० दशमलव १५ घनमिटर नदीजन्य वस्तु उत्खनन र निकासीका लागि न्यूनतम रु ४३ लाख ८६ हजार ४६ दशमलव ६४ मूल्य राखेर ठेक्का आह्वान गरिएको थियो। रु ४४ लाख कबोलेको बाग्लुङको जुम्ली निर्माण सेवाले पुस २३ गते सम्झौता गरेको थियो। प्रत्यक्षदर्शीका अनुसार नगरपालिकासँग ठेक्का सम्झौता हुनुभन्दा एक हप्तादेखि नै उत्खनन थालेका व्यवसायीले नजिकै रहेको जिसी त्रसर उद्योगमा भण्डारण गरेर राखेका छन्। कम्पनीका प्रतिनिधि निराजन खतिवडाले अलपत्र सडक आयोजनालाई आवश्यक नदीजन्य वस्तुको सहज आपूर्तिका लागि सरोकारवालासँग समन्वय गरेर उपकरणको प्रयोग गरेको दाबी गर्नुभयो। "मजदुरबाट नदीजन्य वस्तु निकाल्न असम्भव भएकाले उपकरण प्रयोग गरेका हौँ", उहाँले भन्नुभयो, "स्थानीय निर्माण योजनालाई प्राथमिकता दिएर ढुङ्गा, गिट्टी र बालुवा उपलब्ध गराएका छौँ। सम्झौता बाहिर गएर उत्खनन भएको छैन।" जिल्ला समन्वय समितिका प्रमुख अध्यक्ष रहेको अनुगमन समितिमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, वन डिभिजन, कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुख सदस्य हुनुहुन्छ। प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले समितिका अध्यक्षको अगुवाइमा अनुगमन गर्ने चलन रहेको बताउनुभयो।

# फोरजी एलटीई नमस्ते वाइफाइ विस्तार गरिने

**रासस**
**काठमाडौं, ७ माघ**

एफटीटीएच उपलब्ध नभएका सुगम स्थान र अधिकांश दुर्गम स्थानमा द्रुत गतिको डाटा तथा भ्वाइस सेवा उपलब्ध गराउन नेपाल टेलिकमले फोरजी एलटीई नमस्ते वाइफाइ विस्तार गर्ने भएको छ।

कम्पनीले फोरजी एलटीई नमस्ते वाइफाइ सेवाका विभिन्न आकर्षक प्याकेज उपलब्ध गराइरहेको छ। कम्पनीले उपलब्ध गराइरहेका यी प्याकेज आवश्यक डिभाइससहित उपभोक्तालाई सहजरुपले प्राप्त होस् भनी नेपाल टेलिकम र साइबरनेटिक्स प्रालिबीच सम्झौता भएको छ। सम्झौतामा कम्पनीका प्रमुख व्यावसायिक अधिकृत सङ्गीता पहाडी र साइबरनेटिक्स प्रालिका सिइओ जेम्स न्याछ्योले हस्ताक्षर गर्नुभएको छ।

फोरजी एलटीई नमस्ते वाइफाइमार्फत नेपाल टेलिकमले हाल व्यक्तिगत प्याकेज र संस्थागत प्याकेज उपलब्ध गराइरहेको प्रवक्ता राजेश जोशीले जानकारी दिनुभयो। व्यक्तिगत प्याकेजअन्तर्गत होम ब्रोडब्यान्ड वेसिक रु ८०० मा ६० जिबी ३० दिनका लागि उपलब्ध छ। त्यसैगरी एक वर्षका लागि रु नौ हजारमा ७२० जिबी प्याक उपलब्ध छ। यसलाई प्रतिमहिना ६० जिबीको दरले एक वर्षसम्म प्रयोग गर्न सकिन्छ। यी दुवैमा एड अन प्याकको रुपमा रु ४०० मा १५ दिनका लागि ६० जिबी प्याक लिन सकिन्छ। होम ब्रोडब्यान्ड प्रिमियमअन्तर्गत रु एक हजार २०० मा १२० जिबी प्याक ३० दिनका लागि उपलब्ध हुन्छ। त्यसैगरी एक वर्षका लागि रु १३ हजार ५०० मा एक हजार ४४० जिबी प्याक उपलब्ध हुन्छ। यसलाई प्रतिमहिना १२० जिबीको दरले एक वर्षसम्म प्रयोग गर्न सकिन्छ। यी दुवैमा एड अन प्याकको रुपमा रु ६०० मा १५ दिनका लागि १२० जिबी प्याक लिन सकिन्छ। सरकारी संस्था प्याकेजमा रु तीन हजार ६५० र दुई हजार १०० मा ३० दिनका लागि विभिन्न प्रकारका प्याकेज उपलब्ध छन्। यी प्याकेजबाट अनलिमिटेड डाटा चलाउन सकिन्छ। वार्षिक र अर्धवार्षिकरुपमा एकमुष्ट प्याकेज लिने ग्राहकका लागि निश्चित छुटको व्यवस्था छ।

हाल देशका अधिकांश स्थानमा फोरजी सेवा पुगिसकेको र घरमा वा कार्यालयमा द्रुत गतिको इन्टरनेट विभिन्न डिभाइसमार्फत चलाउन इच्छुक सेवाग्राहीको सङ्ख्या वृद्धि हुँदै गएकाले यो सेवा प्रभावकारी र आकर्षक हुने अपेक्षा गरिएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : शारीरिक झमेला | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# राष्ट्रिय अभियान संचालन गरिँदै

**रासस**
**काठमाडौं, ७ माघ**

नेपाली कांग्रेस (बिपी)ले यही माघ ७ गतेदेखि फागुन ७ गतेसम्म सातै प्रदेशमा एक महिने राष्ट्रिय अभियान सञ्चालन गर्ने भएको छ।

यहाँ शुक्रबार आयोजित पत्रकार सम्मेलनमा पार्टीका उपसभापति पुष्पराज पराजुलीले राष्ट्र र राष्ट्रियता बचाउने उद्देश्यले गर्न लागेको अभियानमा आगामी फागुन ७ गते सातै प्रदेशमा सभा गर्ने जानकारी दिनुभयो। अहिले नेतृत्वमा रहेका नेता देशप्रति गम्भीर नभएकाले भ्रष्टाचार बढेको तथा सीमा अतिक्रमण भएकाले राष्ट्रिय एकतालाई बलियो बनाउन अभियान गर्न लागेको बताउनुभयो। पार्टीका अर्का नेता गोबिन्दप्रसाद शर्माले विपीले गरेको समाजवादको परिकल्पना पूरा गर्न राष्ट्रियता र प्रजातन्त्रको रक्षा गर्नुपर्नेमा जोड दिँदै नेपाली भू-भाग लिपुलेकमा अनुमति नलिई बाटो बनाउने काम गलत भएकाले यसलाई रोक्न माग गर्नुभयो।

अभियानअन्तर्गत देशमा राष्ट्रिय जागरण ल्याउन सबै जिल्लामा पुगेर जनताको घरदैलो कार्यक्रम गरी देशको समसामयिक अवस्था, बेथिति, भ्रष्टाचारबारे जनचेतना फैलाइने छ।

# मध्यमर्स्याङ्दीमा विद्युत् उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
**लमजुङ, ७ माघ**

जलविद्युत् आयोजनाको 'हब' बन्दै गरेको लमजुङमा रहेको ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाको बिजुली उत्पादन घट्न थालेको छ।

हिउ नपग्लिएका कारण मर्स्याङ्दी नदीमा पानीको बहाव कम भएको छ। योसँगै विद्युत् उत्पादन कम हुँदै जान थालेको छ। हालसम्म ३० मेगावाट बिजुली उत्पादन घटेको आयोजनाका प्रमुख पवन बस्नेतले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पुस लागेसँगै आयोजनाको विद्युत् घट्दै हाल ३८ देखि ४० मेगावाटसम्म बिजुली उत्पादन हुने गरेको छ। चैत अन्तिमसम्म उत्पादन घट्दै जान्छ, वैशाख लागेपछि मात्र उत्पादन बढ्ने देखिन्छ।" बेँसीशहर नगरपालिका-१ दलालस्थित जिल्लाकै पहिलो तथा ठूलो ७० मेगावाट क्षमताको उक्त आयोजनामा विगतका वर्षमा विद्युत् उत्पादन घटेर २६ मेगावाटसम्म पुग्ने गरेको थियो। सन् २००० मा निर्माण सुरु भई सन् २००८ मा सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन गरिएको हो। कूल रु २७ अर्ब २० करोडको लागतमा आयोजना निर्माण भएको हो। जिल्लाका अन्य जलविद्युत् आयोजनामा समेत पानीको बहाव कम हुँदा विद्युत् उत्पादन घट्न थालेको छ। पाँच मेगावाटको सिउरी, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु र दुई मेगावाटको छ्याङ्दीलगायत आयोजनामा बिजुली उत्पादन कम हुादै गएको छ।

मर्स्याङ्दी गाउँपालिका-६ र ७ स्थित ५० मेवागाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनामा भने गत असारमा गएको बाढी पहिराले बाँधस्थलमा क्षति पुर्‍याएपछि विद्युत् उत्पादन बन्द छ। आयोजनाका दुईवटै टर्वाइन फेर्ने, अन्य संरचना निर्माणलगायत कार्य जारी रहेको आयोजनाले जनाएको छ।

# पशुपक्षी प्रयोगशाला निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, ७ माघ**

यहाँस्थित भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा डिस्पेन्सरी र प्रयोगशाला भवन निर्माण सुरु गरिएको छ। गण्डकी प्रदेश सरकारको भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आर्थिक सहयोगमा डिस्पेन्सरी र प्रयोगशाला भवन निर्माण गर्न थालिएको हो। भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्राङ्गणमा उक्त भवन निर्माण हुनेछ। पशुपक्षीको उपचार, कृत्रिम गर्भाधान, बन्ध्याकरणलगायतका कार्य गर्न तथा अन्य अनुसन्धानमूलकका लागि भवन निर्माण गर्न लागिएको केन्द्र प्रमुख रामजीप्रसाद शर्माले जानकारी दिनुभयो। भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले बिहीबार भवनको शिलान्यास गर्नुभएको छ। कार्यक्रममा मन्त्री बुढाले कृषि र पशुपालनलाई व्यावसायिक बनाउने तथा गरिबी निवारणका लागि नयाँ योजनाका साथ प्रदेश सरकार अगाडि बढेको बताउनुभयो। प्रदेशका ११ जिल्लामा त्यहाँको विशेषताअनुसार कृषि र पशुपालनको प्रवर्द्धन तथा विकास गर्ने खालका नयाँ कार्यक्रम ल्याउन गृहकार्य भइरहेको उहाँले जानकारी दिनुभयो। यसैबीच भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सामुदायिक तथा छाडा कुकुरको बन्धाकरण शिविर पनि सञ्चालन गरिएको छ। दुई दिनसम्म कुकुर बन्ध्याकरण शिविर सञ्चालन हुने जनाइएको छ। छाडा कुकुरको सङ्ख्या बढी भएकाले त्यसको नियन्त्रणका लागि शिविर सञ्चालन गरिएको केन्द्रले जनाएको छ। केन्द्रीय रिफिरल पशु चिकित्सालय काठमाडौंको विशेष टोलीमार्फत बध्याकरण शिविर सञ्चालन गरिएको हो। यसका लागि पशु सेवा विज्ञ केन्द्र र कुश्मा नगरपालिकाले सहकार्य गरेका छन्।

# बागलुङका पाँच नाकामा स्वास्थ्य सहायता कक्ष

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ माघ**

कोरोनाको तेस्रो लहरको सङ्क्रमण तीव्ररुपमा फैलिएको बागलुङमा स्वास्थ्य सुरक्षा अपनाउन थालिएको छ। कोरोनाका कारण घर फर्कनेको विवरण तयार गर्ने र स्वास्थ्य परीक्षण गर्नका लागि जिल्ला प्रवेश गर्ने पाँच नाकामा स्वास्थ्य सहायता कक्ष राखिएको छ।

कोरोनाको पहिलो र दोस्रो लहरमा समेत स्थापना गरेको स्वास्थ्य सहायता कक्षलाई पुनः सक्रिय पारिएको हो। जिल्लाको सीमा नाकामा कडाइ गरिएको छ। अन्तरजिल्ला आवतजावत खुल्ला भएको, छिमेकी मित्रराष्ट्र भारत तथा तेस्रो मुलुकबाट र देशका मुख्य सहरबाट जिल्लाभित्र प्रवेश गर्ने व्यक्तिको सङ्ख्यामा वृद्धि भएको अवस्थामा नाकामा स्वास्थ्य सहायता कक्ष स्थापनाका साथै कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी रेशम ढकालले जानकारी दिनुभयो।

बागलुङ नगरपालिका-१ मालढुङ्गा, बडिगाडको खर्बाङ, जैमिनीको छिस्ती, बरेङ र निसीको भलकोट नाकामा स्थानीय तहको समन्वयमा स्वास्थ्य परीक्षण र विवरण सङ्कलन गर्न लागिएको छ। जिल्लामा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या २५० पुगेको स्वास्थ्य कार्यालयका कोरोना स्रोत व्यक्ति देवप्रकाश घिमिरेले जानकारी दिनुभयो।

पछिल्ला पाँच दिनमा सङ्क्रमितको सङ्ख्या १४ बाट बढेर २५० पुगेको छ। 'अहिले तपाईको मास्क खोई ?' अभियानलगायत चेतनामूलक कार्यक्रम गर्न थालिएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : १९९६ मंसिर
स्वर्गारोहण : २०७८/०९/२६

**स्व. शम्भु प्रसाद कोइराला**

यस समितिका सदस्यद्धय चेवन प्रसाद कोइराला र देवेन्द्र प्रसाद कोइराल तथा टेकेन्द्र कोइरालाका पुजनीय पिता **शम्भु प्रसाद कोइराला**को निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

बसन्त कुमार लिगल
अध्यक्ष तथा
**गोपालजी मन्दिर सेवा समिति परिवार**
रामकृष्ण टोल, पोखरा-४

# साहसिक पर्यटनको केन्द्र पोखरामा थपियो 'जायन्ट स्विङ'

–जमुना बर्षा शर्मा

पोखरा, ७ माघ

प्राकृतिक रुपमा सुन्दर पर्यटकीय नगरी पोखरामा पछिल्लो समय साहसिक खेलका विविध विधा थपिएका छन् । हिमश्रृखङ्ला, ताल तलैया तथा मिलेको बस्तीले सजिएको पोखरामा पछिल्लो समय साहसिक खेलका गतिविधि थपिँदै गएका छन् ।



पोखरामा प्याराग्लाइडिङ, स्काइ डाइभिङ, अल्ट्रालाइट, हट एयर बेलुन, बन्जी जम्प, जिप फ्लायर, राफ्टिङलगायत उपलब्ध रहेको शहर पोखरामा पछिल्लो समय 'जायन्ट स्विङ' पनि थपिएको छ ।

पोखरामहानगरपालिका-२५ हेम्जामा सन् २०१२ मा साहसिक खेल भित्र्याएको हाइग्राउण्ड एडभेन्चर्सले पछिल्लो पटक रु दुई करोड लगानीमा जायन्ट स्विङ भित्र्याएको हो । एकैपटक तीन जना खेल्न मिल्ने यस स्विङ नेपालमै पहिलो भएको प्रालिका प्रबन्ध निर्देशक दिनेश महर्जनले जानकारी दिनुभयो । तीन मिनेटमा खेल्न मिल्ने यो स्विङ (पिङ) जमिनबाट १०० मिटरमाथि पुगेर छोडिन्छ । सुरक्षा उपकरणको प्रयोगसहित खेलिने यसमा साहसिक खेलप्रति रुची राख्ने १० वर्षभन्दा माथिको उमेरकाले मज्जा लिन सक्नेछन् ।

प्रालिले यसअघि सन् २०१२ मा पहिलोपटक 'वर्ल्ड क्लास जिपलाइन' भित्र्याएको थियो । त्यसको डेढ वर्षपछि बञ्जी जम्प सञ्चालनमा ल्याएको कम्पनीले अहिले जायन्ट स्विङलाई साहसिक खेलको गतिविधिमा समेटेको हो ।

'मानिसको रुचि सधैं एकैनास हुँदैन साहिसक खेल प्रेमीहरु झन् 'भेराइटी एक्टिभिटि' मा रुचि राख्ने भएकाले त्यसैलाई मध्यनजर गरेर जाइन्ट स्वीङ सञ्चालनमा ल्याएका हौं' महर्जनले भन्नुभयो । कोरोनाले सुस्ताएको पर्यटन क्षेत्रमा पछिल्लो समय आन्तरिक पर्यटकले पनि साहसिक गतिविधि रोज्न र रमाउन थालेपछि यस क्षेत्रमा लगानी विस्तार गरिएको उहाँको भनाइ छ । उहाँका अनुसार साहसिक खेलका लागि चार युवाले रु २५ करोड बढी लगानी गरेका छन् । यस कम्पनीले केही समयपछि अर्को एड्भेन्चरको रुपमा 'एटीभी बाइक' पनि सञ्चालनमा ल्याउने तयारी गरेको छ । त्यसपछि यी सबै साहसिक खेललाई प्याकेजमै खेल्न चाहानले १० हजार शुल्क तिर्नुपर्ने हुन्छ ।

प्राकृतिक सुन्दर एवं अनुकूल मौसमका कारण सबैको रोजाइको शहर बनेको पोखरामा साहसिक गतिविधि थपिँदै जानु सकारात्मक भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराइ बताउनुहुन्छ । 'पोखरा सबै खालका पर्यटकको सहर हो, साहसिक गतिविधिले पर्यटलाई आफ्नो रुचिअनुसार मनोरञ्जन प्रदान गर्ने अवसर मिल्छ', उहाँले यस्ता गतिविधिले पोखराका पर्यटन प्रवर्द्धन र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । कोरोनापछि मानिसले शारीरिक र मानसिक स्फूर्तिका गतिविधि खोज्ने थालेकाले अब नयाँ पर्यटकीय गतिविधि आवश्यक हुँदै गएको उहाँको भनाइ छ । पोखरामा पर्यटकले मनोरञ्जनका लागि गर्ने साइकलिङ्, बोटिङ, घोडा सवारी, जलयात्रा (ऱ्याफ्टिङ्ग) तथा कायाकिङ्गले पनि यस क्षेत्र साहासिक खेलको मुख्य गन्तब्य बन्दै गएको छ ।

पोखरामा सन् १९९६ मा एभिया क्लबले अल्टालाइट भित्र्याएको हो । पुतली जहाजसमेत भनेर चिनिने अल्ट्रालाइट पोखरामा मात्रै सञ्चालित छ । पोखरा १७ रातो पैह्रोमा बञ्जी नेपाल एडभेन्चरर्स प्रालिले रु आठ करोडको लगानीमा बञ्जी जम्प सञ्चालन गरेको छ । पोखरामा सन २०१८ नोभेम्बर १६ देखि हट एयर बेलुनको उडान सुरु भएको हो । पोखरामा विरु बमजमले सन् १९९६ मा बेलायतका नागरिक एडम हिललाई नेपाल ल्याएर प्याराग्लाइडिङ्गको शुरुआत गर्नुभएको थियो । पोखरामा ६० वटा प्याराग्लाइडिङ्ग कम्पनी सञ्चालनमा छन् ।

त्यसैगरी साहसिक खेल पारखीको रोजाइमा क्यानोनिङ पनि पर्दछ । माछापुच्छ्रे गाउँपालिका-९ ल्वाङघलेलको कुदी छहरामा रहेको पोखरा क्यानोनिङ सन् २०१४ बाट सञ्चालनमा आएको हो । गण्डकी प्रदेश सरकारले प्रदेशअन्तर्गत रहेका ११ जिल्लाका विभिन्न पर्यटकीय गन्तव्यलाई समेटेर ११० वटा नयाँ पर्यटकीयस्थल सार्वजनिक गरेको छ भने साहसिक पर्यटकीय गन्तव्यसमेतलाई सूचीकृत गरेको छ ।

साहसिक खेल पारखी भन्छन्, 'सबैको लोकप्रीय मानिने ट्रेकिङ रुट अन्नपूर्णको प्रवेशद्वार पनि पोखरा नै हो । यस्ता साहसिक खेल र पर्यटनका ७० प्रतिशत प्याकेज पोखरामा नै भेटिन्छन् ।' माछापुच्छ्रे, अन्नपूर्णसहितका हिमश्रृङ्खलाको दृश्यावलोकन गर्न सकिने साथै ताल तलैया एवं धार्मिकरुपले पनि उस्तै महत्व राख्ने पोखरा पछिल्लो समय साहसिक खेलको शहरका रुपसमेतमा आफ्नो परिचय थप्दै गएको बताउनुहुन्छ पर्यटन व्यवसायी एवं पोखरा ल्टालाइटका प्रबन्ध निर्देशक पोमनारायण श्रेष्ठ ।

# बेनी-जोमसोम सडक दैनिक छ घण्टा बन्द हुने

पोखरापत्र संवाददाता

म्याग्दी, ७ माघ

राष्ट्रिय गौरवको आयोजनामा बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्ड दैनिक छ घण्टा बन्द हुने भएको छ । सडकखण्डको स्तरोन्नतिसँगै नियमित र सहजरुपमा यातायातको साधन सञ्चालनको सम्भावना नभएपछि जिल्ला प्रशासन कार्यालयमा बिहीबार बसेको बैठकले टाइम कार्ड लागू गरेको हो । गण्डकी प्रदेशको 'लाइफलाइन' कालीगण्डकी करिडोरअन्तर्गत उत्तर-दक्षिण जोड्ने सडकखण्डको अन्नपूर्ण गाउँपालिका-७ महभिर र वडा नं २ नौनीबगर खण्डमा सडक स्तरोन्नति गर्न समय तालिका लागू गरिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले बताउनुभयो ।

आयोजना प्रमुख प्रजापतिका अनुसार २०७८ माघ १० गतेदेखि २१ गतेसम्म बिहान ८ देखि ११ बजे र दिउँसो १ बजेदेखि ४ बजेसम्म सडक बन्द गरिने छ । महभिर खण्डमा चट्टान काट्नुपर्ने र नौनीबगर खण्डमा बिस्तार एवं स्तरोन्नति गर्नका लागि समय तालिका जारी गरिएको हो ।

सडक निर्माणकै क्रममा आवतजावत गर्न दिँदा दुर्घटनाको जोखिमसमेत भएकाले बन्द अवधिलाई छोट्याउने गरी काम गर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ । सडक बन्द हुँदा म्याग्दीको अन्नपूर्ण गाउँपालिका र मुस्ताङ जिल्लामा आवतजावतमा समस्या हुनेछ । विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने सडक रु सात अर्ब २७ करोडमा ठेक्का सम्झौता भएको थियो । एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको कार्यक्षेत्र बागलुङ र पर्वतको सिमानामा रहेको मालढुङ्गादेखि म्याग्दीको बेनी, मुस्ताङको जोमसोम हुँदै कोरला नाकासम्म पर्छ ।

महभिर र नौनीबगर खण्डमा ११ मिटर सडक बनाएर कालोपत्र गर्न शर्मा-युनाइटेड जेभीले ठेक्का लिएको थियो । उन्नाइस किमी दुरीको म्याग्दीको गलेश्वर-नारच्याङ पुल खण्डको गलेश्वर र राहुघाटदेखि बेगखोलासम्मको छ किमी सडकमा गत जेठमा डिबिएसडी प्रविधिको कालोपत्र सुरु भएको थियो । बेगखोलादेखि नारच्याङ पुल खण्डको अधिकांश भागमा पनि बिस्तार, पर्खाल र नाली निर्माणको काम सकिएको छ । आगामी चैत महिनाभित्र कालोपत्र गर्ने तयारीसहित कतिपय ठाउँमा सब बेस राखिएको छ ।

सडकखण्डको सबैभन्दा जोखिम मानिने म्याग्दी र मुस्ताङको सिमानामा पर्ने काभ्रेभिरमा १.२ किमी सडक विस्तारका लागि डोजरको सहायताले मात्रै ट्र्याक निर्माण नभएपछि विष्फोटक पदार्थको प्रयोगले भिर फुटाउन ६० टन विष्फोटक पदार्थको प्रयोग गरिने भएकाले उक्त क्षेत्रमा समेत अर्को कार्यतालिका बनाएर सडक बन्द गरेर काम गर्नुपर्ने अवस्था छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : १९९६ मंसिर

स्वर्गारोहण : २०७८/०९/२६

स्व. शम्भु प्रसाद कोइराला

यस सिद्धार्थ टोल विकास संस्थाका अध्यक्ष सिमा कोइराला, संस्थाका कोषाध्यक्ष पुनम कोइराला र सदस्य देवका कोइरालाका ससुराबाबा साथै सदस्यद्धय देवेन्द्र कोइराला र चन्द्री आचार्यका पुजनीय पिता एवं यस टोल बिकास संस्थाको पूर्व सल्लाहकार तथा अक्षयकोष दाता **शम्भु प्रसाद कोइराला** को असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भवानी माकाजू**
**उपाध्यक्ष तथा**

## सिद्धार्थ टोल विकास संस्था परिवार




बाख्रा फार्म अनुगमनः तनहुँको भिमाद नगरपालिका-४ स्थित बाख्रा फार्मको अवलोकन गर्दै भेटेरीनरी अस्पताल एवं पशु सेवा विज्ञ केन्द्र तनहुँका प्राविधिक । केन्द्रले यो वडालाई बाख्रा ब्लकको रुपमा विकास गर्दैछ । तस्वीर : कृष्ण न्यौपाने

# एउटै गाउँबाट तीन करोडको सुन्तला बिक्री

रासस

म्याग्दी, ७ माघ

तनहुँको म्याग्दे गाउँपालिका-२ खानीगाउँका कृषकले यस वर्ष सुन्तला विक्री गरेर गाउँमा रु तीन करोड भित्र्याएका छन् । व्यावसायिक रुपमा सुन्तला खेती गर्दै आएका कृषकले यस वर्ष सुन्तला विक्री गरेर रु तीन करोड आम्दानी गरेका हुन् ।

तीन दशक अगाडीसम्म बाँझो पाखोको रुपमा रहेको यस ठाउँ अहिले सुन्तलाको पकेट क्षेत्रको रुपमा विकास भइरहेको छ । मिहीनेत गरेर मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण यहाँका किसानले प्रस्तुत गरेका छन् । यहाँका विश्वबहादुर अधिकारी र निर्मल अधिकारीले यस वर्ष सुन्तला विक्री गरेर रु ८५ लाख आम्दानी गर्नुभएको छ । भिरालो जमिनलाई उपयोग गरेर सुन्तला खेती गर्नुभएका उहाँहरुले पछिल्लो समय मनग्य आम्दानी लिन सफल हुनुभएको छ । जिल्लाका विभिन्न स्थानमा सुन्तलामा रोग लागेपनि यस ठाउँमा भने सुन्तला उत्पादनमा कमी नआएको विश्वबहादुरले बताउनुभयो । सुन्तलामा विभिन्न भाइरसले पछिल्लो समय सङ्क्रमण आएपनि खानीगाउँका सुन्तलामा व्यवस्थापनमा कृषकले उचित ध्यान दिएको उहाँले बताउनुभयो । स्थानीयवासी सुकनारायण श्रेष्ठ, रामबहादुर अधिकारी लगायतले सुन्तला विक्री गरेर मनग्य आम्दानी गर्दै आउनुएको छ । यहाँका कृषकले वर्षेनी लाखौ मूल्य बराबरको सुन्तला विक्री गर्ने गरेको श्रेष्ठले बताउनुभयो । म्याग्देको खानीगाउँमा कृषकले गरेको सुन्तलाखेती उदाहरणीय रहेको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । उहाँका अनुसार जिल्लामा यस वर्ष १५ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको छ । गत वर्ष जिल्लामा आठ हजार मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । उत्पादितमध्ये धेरै सुन्तला जिल्लाबाहिर निर्यात हुने गरेको छ । जिल्लामा उत्पादित सुन्तला काठमाडौ, पोखरा, नारायणगढ लगायतका ठाउँमा विक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमाद लगायतका ठाउँमा समेत यहाँको सुन्तला विक्री हुने गरेको किसानहरु बताउँछन् । यस वर्ष जिल्लाबाट रु २४ करोड बराबरको सुन्तला बिक्री वितरण हुने अनुमान छ । सुन्तला खरिदका लागि ठेकेदार सुन्तला बगानमै पुग्ने गरेका छन् । तनहुँमा एक हजार छ सय हेक्टर भन्दा बढी क्षेत्रफलमा सुन्तला उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लाको म्याग्दे गाउँपालिका-२ र ३ स्थित उमाचोकमा सबैभन्दा बढी सुन्तला उत्पादन हुने गरेको छ । व्यास नगरपालिका-११ तनहुँसुर, वडा नम्बर १३ को बेनीकोट, देवघाट गाउँपालिका-२, ३ र ४, आँबुखैरेनी गाउँपालिका-२ पतेनी, शुक्लागण्डकी नगरपालिका-११ राइपुर, भीमाद नगरपालिका-९ भानुमति लगायतका ठाउँमा व्यावसायिक रुपमा सुन्तला उत्पादन हुँदै आएको छ ।

# छ महिनाको पुँजीगत खर्च तीन प्रतिशत

पोखरापत्र संवाददाता

तनहुँ, ७ माघ

चालु आर्थिक वर्षको छ महिनाको अवधिमा तनहुँका सरकारी कार्यालयले विकास निर्माणमा निकै कम रकम खर्च गरेका छन् । चालू आर्थिक वर्ष ०७८/७९ को साउनदेखि पुस मसान्तसम्म जिल्लास्थित सरकारी कार्यालयको पुँजीगत खर्च तीन प्रतिशत मात्रै रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

जिल्लाका लागि सङ्घीय सरकारबाट पुँजीगततर्फ रु तीन अर्ब ५३ करोड २३ लाख ३३ हजार ३६० विनियोजन गरिएकामा यस अवधिमा रु ११ करोड ६९ लाख ९४ हजार मात्रै खर्च भएको कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो ।

चालूतर्फ रु सात अर्ब ९० करोड १३ लाख ५१ हजार विनियोजन भएकामा रु तीन अर्ब ८९ करोड ३५ लाख ७४ हजार खर्च भएको कार्यालयले जनाएको छ । चालूतर्फ भने करिब ५० प्रतिशत बजेट खर्च भइसकेको छ । प्रदेश सरकारबाट विनियोजित बजेटमध्ये पुँजीगततर्फ १३.५० प्रतिशत बजेट खर्च भएको छ । पुँजीगततर्फ रु दुई अर्ब पाँच करोड ९७ लाख ४८ हजार विनियोजन भएकामा रु २७ करोड ८० लाख ६३ हजार खर्च भएको छ ।

योजना छनोट गरी बोलपत्र आह्वान गरेर काम सुरु गर्दा केही समय लाग्ने भएकाले सुरुआती समयमा पुँजीगततर्फको बजेट खर्च कम देखिने कार्यालयले जनाएको छ । फागुन, चैतदेखि मात्रै विकास बजेट खर्च बढ्ने भट्टराईले बताउनुभयो ।

बोलपत्र निकाल्ने, प्रक्रिया मिलाउनेलगायत काम पहिलो चौमासिकमा हुने भएकाले यस अवधिमा पुँजीगततर्फको बजेट कम खर्च भएको कोष नियन्त्रक भट्टराईले जानकारी दिनुभयो । "पहिलो चौमासिकमा सबै प्रक्रिया मिलाउँदा पुँजीगततर्फको बजेट खर्च हुन सक्दैन", उहाँले भन्नुभयो, "काम हुने भनेको दोस्रो, तेस्रो चौमासिकमा हो ।"


**स्वैच्छिक खारेजीमा रहेको भरतपुर रियल स्टेट प्राइभेट लिमिटेडका**

## लिक्विडेटरद्धारा जारी गरिएको हकदावी सम्बन्धी सूचना

यस भरतपुर रियल स्टेट प्राइभेट लिमिटेड (प्राइभेट लिमिटेड दर्ता नं. ५५२५७) लाई यस कम्पनीको मिति २०७८/८/२३ गते बसेको विशेष साधरणसभाले विशेष प्रस्ताव पारित गरि स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरेको जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति, संघ संस्था, कम्पनी तथा निकाय कसैको केही दावी, लेनदेन, लिनु, दिनु भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित माग दावि तथा सो दावी प्रमाणित गर्ने प्रमाणित कागजातसहित निम्न लिखित ठेगानामा सर्म्पक गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । सो अवधि भित्र कुनै दावी पर्न नआएमा नियमानूसार कम्पनी खारेज हुने व्यहोराको जानकारी समेत गरिएको छ ।

**लिक्विडेटर**
**अधिवक्ता टिकाराम शर्मा लिक्विडेटर इ.नं. ४२३**
**ठेगानाः आई.एल.आइ.आर.सि. प्राइभेट लिमिटेड, न्यूरोड, काठमाडौं**
**सम्पर्क नं. ०१-५३५३७६९, मो. ९८४९०२५१२९, ९८०३१४५९३६**